आज मिति २०७५/०९ /२९ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको २९ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीकारीहरुको उपस्थिति रही देहाय बमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री रामकृष्ण उप्रेती ........................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ .................. वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................ वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

२९ औ. बैठकका प्रस्ताव तथा निर्णयहरु २०७५/०९/२७

**प्रस्तावहरु :**
१, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजश्व परामर्श समितिको निर्णयबाट प्रक्षेपण गरिएको आय व्यय सम्बन्धमा

२, नगर प्रवेशद्वार निर्माणको लागि म्याद थप सम्बन्धमा

३, सातदोबाटोदेखि चरिघ्याङसम्मको सडक मर्मत तथा सुधारको लागि थप बजेट सम्बन्धमा

४, नगर सभामा प्रस्तुत हुने विधेयक सम्बन्धमा

५, करारका कर्मचारीको म्याद थप सम्बन्धमा

६,विविध

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा भीमेश्वर नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजश्व परामर्श समितिबाट आगामी वर्षहरुका लागि गरिएको आय व्ययको प्रक्षेपण तपशिल बमोजिम स्वीकृत गरी सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो ।
तपशिल

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा भीमेश्वर नगरपालिकाको प्रवेश बिन्दुमा निर्माणाधिन भीमेश्वर प्रवेशद्वार निर्माण कार्य विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेकोले म्याद थप गरिपाँउ भनी दिएको निबेदन सम्बन्धमा उक्त कार्य सम्पन्न गर्नका लागि २०७५साल चैत्र मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा सातदोवाटो देखि चरिघ्याङ सम्मको सडक मर्मत तथा सुधारका लागि आ.ब. ०७५/७६ मा रु ३०,००,०००।(तिस लाख) बजेट विनियोजन भई निर्माण कार्य भएकोमा उक्त सडकको मर्मत सुधार पूर्ण हुन नसकी थप मर्मत सुधार गर्नुपर्ने भएकोले सो थप कार्यका लागि प्राविधिक लागत ईष्टिमेट बमोजिम रु २७,३८,९२४।६७ ( सत्ताईस लाख अठतिस हजार नौ सय चौबिस रुपैयाँ पैसा सतसट्ठी मात्र ) भएकोमा उपभोक्ता समतिबाट २० प्रतिशत ब्यहोर्ने र नगरपालिकाको ८० प्रतिशत रकम संघीय समानीकरण अनुदान शीर्षकबाट खर्च गर्नेगरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७५/०९/३० गते बस्ने चौथो नगर सभामा देहायका विधेयकहरु टेबुल गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) स्थानीय तहको बार्षिक योजना तथा बजेट तजुमा दिग्दर्शन , २०७५
(ख) भाषा,संस्कृति, ललितकला तथा प्राचीन स्मारक संरक्षण विधेयक, २०७५
(ग) यातायात सञ्चालन विधेयक, २०७५
(घ) विपद जोखिम न्यूनिकरण तथा ब्यबस्थापन गर्न बनेको विधेयक, २०७५
(ङ) आधारभूत स्वास्थ्य सेवा विधेयक, २०७५
(च) सञ्चार ब्यबस्थापन तथा सञ्चालन विधेयक , २०७५
(छ) आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४,(प्रथम संशोधन) विधेयक, २०७५

**निर्णय नं.५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा सेवा करारमा रहेका तपशिल बमोजिमका कर्मचारीहरुको २०७५ पौष मसान्तमा म्याद समाप्त भएकोले साविककै सेवा सुविधा रहने गरी करार २०७५साल माघ १ गतेदेखि २०७६ साल असार मसान्त सम्मका लागि सेवा करार थप गर्ने निर्णय गरियो।

**तपशिल**

(क) नगरपालिका तर्फः करारका कर्मचारीहरुः ईन्जिनियर नहकूल श्रेष्ठ, सवईन्जिनियरहरु राजु नारायण श्रेष्ठ, शिवशंकर श्रेष्ठ, अमित श्रेष्ठ र सुर्दशन रिमाल । असिष्टेन्ट सवईन्जिनियरहरुः विकास गौतम, हरिशरण दहाल, रविचन्द्र चौलागाँई, चित्र बहादुर श्रेष्ठ कविता बरायली र कार्यालय सहायक शान्ति बहादुर के.सी.,सुवास श्रेष्ठ, रविना खड्का, कार्यालय सहयोगीहरुः ईन्द्र बहादुर तमाङ,ठूली तमाङ,गोपी थामी, रमा सापकोटा, कल्पना बुढाथोकी, निर्मला खड्का ।
(ख) (LDF) तर्फ , सामाजिक परिचालकहरु अजुन बहादुर लामा, पार्वती श्रेष्ठ, प्रकाश सुबेदी, लिला बहादुर तमाङ ।
(ग) नगर प्रहरी तर्फ : ओम प्रकाश राउत, महेन्द्र श्रेष्ठ, राजिव वि.क.र रेखा लामा ।

(घ) फोहर मैला व्यबस्थापन तर्फ, हरी बहादुर खत्री, शंकर खत्री, श्याम बहादुर खडका, काजी ओली,गनेश बहादुर सार्की, दिवाकर लामिछाने, नवराज लामिछाने, सुकेथामी, कुमारी सार्की, हरिबहादुर वि.क, पञ्चकुमारी कुसुले, गोपाल कुसुले, रुपा मुग्राती, मिना बयलकोटी ।
(ङ) स्वास्थ्य कार्यक्रम तर्फ : अ.हे.व.हरु अम्बिका घिसिङ, मेनुका बुढाथोकी,सावित्री खड्का,सपना उप्रेती,पञ्जु तमाङ, सोममाया तमाङ र लक्ष्मी श्रेष्ठ । अ.न.मी.हरु : सरिता श्रेष्ठ, गंगा थापा, सन्तोषी कार्की, सविना सापकोटा, बिन्दिया श्रेष्ठ, संगिता तमाङ, चिरण शिवाकोटी, रक्षा बस्नेत, सीता लामा अनुपा श्रेष्ठ, लक्ष्मी श्रेष्ठ र रिता राउत सापकोटा । स.कम्प्यूटर अपरेटरः सुजन प्रसाद न्यौपाने । कार्यालय सहयोगीहरुः रमा न्यौपाने, लक्ष्मी न्यौपाने, शिवशंकर बस्नेत, मञ्जु सुबेदी खत्री, पार्वती ओली, करुणा थापा खत्री ।
(च) पशुसेवा कार्यक्रम(ovop) तर्फः ना.प्रा.स. नवराज दहाल ।
(छ) LGCDP तर्फः आईटी अफिसर किरण दहाल ।

निर्णय नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।
तपशिल
६(क) यस नगरपालिकाको बस्तिहरुलाई जोड्नुका साथै आन्तरिक स्रोतको रुपमा रहेको ढुङ्गा,रोडा तथा बालुवा खानीमा जाने तपशिलका सडकहरु निर्माण गर्न विनियोजित बजेट अपुग भएको र निर्माण कार्यपूरा गर्नुपर्ने भएकोले देहायका सडकहरुमा लागत ईस्टिमेट तयार गरी संघीय समानीकरण अनुदान शीर्षकबाटखर्च ब्यहोर्ने गरी थप सडक बिस्तार तथा स्तरोन्नती गर्ने निर्णय गरियो ।

- खेलाप – तामाकोशी सडक भीन.पा. २
- डिही–बादी–तामाकाशी सडक भी.न.पा. ४

६.(ख) जिल्ला प्रहरी कार्यालय दोलखालाई विभिन्न चेतनामूलक सामाग्री प्रशारण तथा प्रदर्शन र कार्यक्रम सञ्चालन गर्न टेलिभिजन माग भएकोमा ५४ ईन्चको टेलिभिजन थान एक उपलबध गराउने निर्णय गरियो ।
६.(ग) प्रदेय पत्रिका प्रकाशनका लागि पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट रु ३०,०००। (तिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।
६.(घ) पशु सेवा तथा कृषि सेवाका लागि छनौट भएका तपशिलका(ना.प्रा.स.) उमेदवारलाई मासिक पारिश्रमिक रु २२१७०। (बाईस हजार एकसय सत्तरी मात्र) पाउने गरी २०७६ असार मसान्त सम्मका लागि सेवा करारमा लिने निर्णय गरियो ।

**पशु सेवा तर्फ (ना.प्रा.स.)**

शंकर प्रसाद पाठक ...भी.न.पा. ६
अम्बिका न्यौपाने.. भी.न.पा. ६
पुष्पा बस्नेत..... भी.न.पा. ७

**कृषि सेवा तर्फ (ना.प्रा.स.)**

सुन्तली वि.क..... भीन.पा. ५
देवी बुढाथोकी ...भी.न.पा. ५
सुशिला तोलाङ्गे .....भी.न.पा. ४

६, (ङ) यस नगरपालिका वडा नं. ९ मा कार्यालय सहयोगी नभएकोले दैनिक कार्यालय सरसफाईमा समेत कठिनाई उत्पन्न भएकोले वडाकार्यालयको सिफारिसमा मासिक रु १०,०००। - (दश हजार मात्र ) पारिश्रमिक पाउने गरी भी.न.पा. ९ बस्ने प्रेम बहादुर कार्कीलाई मितिर२०७५ साल मंसिर एक गतेदेखि लागुहुने गरी सेवा करारमा लिने निर्णय गरियो ।

६, (च) यस नगरपालिकाको  फेहोरमैला ब्यबस्थापन कार्यको लागि भारी सवारी चालक पद एक सेवा करारमा कार्यरत सवारी चालक श्री बिष्णु बहादुर थापाको कार्य सन्तोषजनक नभएकोले कार्यालयबाट निजको सेवा करार बदर भएकोमा उक्त पदमा मिति २०७४।१०।२६ मा प्रकाशित परिक्षाफलमा बैकल्पिक सफल उमेदवार श्री पूण बहादुर पाण्डे कालिन्चोक गा.पा. ६ लाई भारी सवारी चालकको पदमा मासिक पारिश्रमिक रु १९८७०। (उन्नाईस हजार आठसय सत्तरी मात्र ) पाउने गरी सेवा करारमा लिने निर्णय गरियो ।

६,(छ) भीमेश्वर नगरपालिकाद्वारा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्डका खेलकुद प्रतियोगिताका लागि संघबाट प्राप्त रु १,००,०००।( एक लाख )विनियोजन भएकोमा उल्लेखित खेल सञ्चालन गर्न नपुग हुने् रकम र नगरपालिकाको २३ औ स्थाापना दिवस भब्य र सभ्य एवं ब्यबस्थित रुपमा मनाउनका लागि नगरपालिकाको थप प्राप्तहुने आय शीर्षकबाट ब्यहोर्ने गरी रु ५,००,०००। (पाँचलाख मात्र ) विनियोजन गरी स्थापना दिवस र प्रथम राष्ट्रपति रनिङशिल्ड  खेलकुद प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरियो ।

६, (ज) भीमेश्वर नगरपालिकामा ब्यबस्थित पशु बधशाला निर्माण गर्न (खसी बोका र कुखुरा समेतलाई हुनेगरी) ३ नं. प्रदेश सरकार समक्ष रकम उपलब्ध गराईदिनका लागि अनुरोध गर्ने निर्णय गरियो ।